नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## कावेली 'ए' जलविद्युत आयोजना (३० मेगावाट) सम्बन्धी सम्झौता गरिएको सम्बन्धी प्रेस विज्ञप्ति

मिति: २०६६।१०।१७

कावेली "ए" जलविद्युत आयोजना निजी क्षेत्रवाट विकास गर्ने सम्बन्धमा मिति ०६६/१०/१७ मा ऊर्जा मन्त्रालयमा, नेपाल सरकारको तर्फबाट विद्युत विकास विभागका निमित्त महानिर्देशक श्री सुनील बहादुर मल्ल र कावेली इनर्जी लि. का तर्फबाट डाइरेक्टर श्री रञ्जन लोहारबीच आयोजना विकास सम्झौता (Project Development Agreement-PDA) मा हस्ताक्षर भएको छ। उक्त कावेली इनर्जी लि. को संस्थापक शेयर होल्डरहरुमा वुटवल पावर कम्पनी, नेपाल; शाग्रिला ईनर्जी लिमिटेड, नेपाल; एस. सी.पी. हाईड्रो इनर्जि इन्टरनेसनल, क्यानडा; एसिया प्यासिफिक पावर टेक, चीन र खुदी हाइड्रोपावर लि., नेपाल रहेका छन्।

उक्त कावेली "ए" जलविद्युत आयोजना पूर्वाञ्चल विकास क्षेत्रको पाँचथर र ताप्लेजुङ जिल्लाहरुमा अवस्थित रहेको छ। आयोजनाको सम्भाव्यता अध्ययन नेपाल विद्युत प्राधिकरणद्धारा सन् १९९८ मा भएको थियो। उक्त आयोजनाको विद्युत उत्पादन क्षमता ३० मेगावाट र वार्षिक विद्युत उत्पादन क्षमता १६४ गिगावाट आवर हुनेछ। आयोजनाको कुल लागत ६ करोड ५३ लाख अमेरिकी डलर र निर्माण अवधि ४.५ वर्ष लाग्नेछ।

सम्झौताको प्रावधान अनुसार प्रचलित कानून बमोजिम विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र कम्पनीले प्राप्त गर्नु पर्नेछ। सर्वेक्षण अनुमतिका अवधिमा सम्भाव्यता तथा वातावरणिय प्रभाव मूल्याङ्कन अध्ययनको अध्यावधिक गरी सो अध्ययन प्रतिवेदनहरु सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ। तत्पश्चात विद्युत खरिद बिक्री सम्झौता तथा वित्तीय व्यवस्था गरी विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ र आयोजनाको निर्माण कार्य शुरु गर्न सकिनेछ। सम्झौताको प्रावधानहरु पुरा भए पछि मात्र आयोजनाको निर्माण कार्य गर्न सकिनेछ। सम्झौताको प्रावधानहरु अनुसार व्यापारिक विद्युत उत्पादन भएको मितिबाट कम्पनीले २५ वर्ष पछि उक्त आयोजनाको आधा स्वामित्व नेपाल विद्युत प्राधिकरणलाई निशुल्क र विद्युत उत्पादनको अनुमतिपत्रको अवधि (३५ वर्ष) पछि पुरा स्वामित्व नेपाल सरकारलाई चालु हालतमा हस्तान्तरण गर्नु पर्नेछ।

यस आयोजनालाई सन् २००५ को जनवरी ३१ मा BOOT (Build Own Operate and Transfer) सिद्धान्तको आधारमा विकास गराउन Request for Qualification (RFQ) आह्वान गरिएको थियो। RFQ मा सहभागि हुने ५ कम्पनीहरुको प्रस्तावहरु मध्ये ४ वटा प्रस्तावक कम्पनीहरु (वुटवल पावर कम्पनी नेपाल (JV), चाइना गेजुवा वाटर एण्ड पावर ग्रुप कम्पनी लि., सिनो हाइड्रो कर्पोरेशन, चीन, स्टक ली, स्वीटजरल्याण्ड) लाई Request for Proposal मा सहभागी हुन सेप्टेम्वर ५, २००६ मा सार्वजनिक सूचना प्रकाशित गरि आमन्त्रण गरिएको थियो। ती मध्ये वुटवल पावर कम्पनी, नेपाल (JV) र सिनो हाइड्रो कर्पोरेशन, चीनले आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरेका थिए। यि मध्ये उत्कृष्ट आर्थिक प्रस्ताव पेश गर्ने वुटवल पावर कम्पनी (JV) संग वार्ता गरि सहमति भएको बुदाहरुमा विश्व बैंक तथा नेपाल सरकारको पनि स्वीकृति लिई आयोजना विकास सम्झौतामा हस्ताक्षर गरिएको हो।

यो आयोजना विकासमा नेपाल सरकार एवं विश्व बैंकद्धारा स्थापित भएको विद्युत विकास कोषबाट आयोजनाको कुल लागतको ४०% रकम सहुलियत ब्याजदरमा लगानी गर्न सक्ने व्यवस्था रहेको छ। विद्युत महसुलको आधारमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको माध्यमद्वारा नेपालमा प्रबर्द्धन गर्न लागिएको यो पहिलो आयोजना हो।